# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

# प्रेस विज्ञप्ति

मिति : २०७६ चैत १३

## स्वास्थ्यप्रति संवेदनशील बन्न र दैनिक उपभोग्य वस्तुका आपूर्ति व्यवस्थित गर्न आग्रह

विश्वभर फैलँदै गएको कोभिड-१९ को सङ्क्रमण नेपालमा समेत देखिएपश्चात्को विषम परिस्थितिमा सोको नियन्त्रणका लागि नेपाल सरकारले चालेका पछिल्ला कदमहरुलाई राष्ट्रिय मानव अधिकार आयोगले सकारात्मक रुपमा लिएको छ । नेपालको संविधानमा स्वास्थ्यको अधिकारलाई मौलिक हकको रुपमा उल्लेख गरिएको सन्दर्भमा वर्तमान जटिल परिस्थितिमा नागरिकहरुको स्वास्थ्यप्रति जिम्मेवार हुनु सरकारको प्रमुख दायित्व हुन आउँछ ।

कोभिड-१९ को सङ्क्रमण एक-अर्कोमा नफैलियोस् भनी नेपाल सरकारले गरेको 'लकडाउन'को सबै नागरिकहरुले पूर्ण पालना गरी घरभित्रै रहन तथा त्यसको अवज्ञा नगर्न आयोग आमनागरिकलाई आह्वान गर्दछ । साथै, त्यस्तो आदेशको अवज्ञा गरी घरबाहिर निस्कनेहरुलाई मानवोचित व्यवहारका साथ कानुन बमोजिम कारवाही गर्न आयोग आग्रह गर्दछ ।

'लकडाउन'को अवस्थामा घरमै रहेका अपाङ्ग बालबालिका, ज्येष्ठ नागरिक, महिला तथा अतिविपन्न हरुको लागि आवश्यक पर्ने दैनिक उपभोग्य सामग्रीको अभाव हुन नदिन तथा उपचार कार्यमा अहोरात्र खटिएका सम्पूर्ण स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, कर्मचारी तथा तिनका परिवारहरुको लागि आवश्यक स्वास्थ्य सुरक्षा सुनिश्चित हुने गरी विशेष व्यवस्था गर्न समेत आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

..........................

वेद भट्टराई

सचिव /प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org